# भक्तपुर नगरपालिकाको चौधौं नगरसभा

## २०८० असार ६ गते, बुधबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको चौधौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेयश्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमासम्पन्न भयो ।

२. चौधौं नगर सभाको औपचारिक उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले नगर सभाको बैठकको आरम्भ गरी उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न विशेष योगदान पुऱ्याउनु हुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें, विशेष अतिथि, सम्पूर्ण अतिथिगणलगायत उपस्थित सम्पूर्ण महानुभावहहरुमा धन्यवादज्ञापन गर्ने प्रस्ताव सभा समक्ष राख्नु भयो र उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

३. सभाको अर्को बैठक २०८०असार८ गते, शुक्रबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौंनगरसभा

मिति २०८० असार ८ गते शुक्रबार (दोश्रो दिन)

१. सभाध्यक्ष एवम् नगर प्रमुख**श्री सुनिल प्रजापतिले** बैठक आरम्भ गर्नुहुँदै भक्तपुर नगरपालिकाको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन चाहनु हुने सभासद्हरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशनदिनुभयो ।

२. नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै सभासद् **श्री मन्जु माया लाखाले** सहभागीतामूलक ढंगबाट तयार भएको नीति तथा कार्यक्रम सराहनीय भएको विचार व्यक्त गर्दै यसको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्नुभयो ।

३. सभासद् **श्री हेरा ख्याजु**ले छलफलमा भाग लिंदै, ख्वप अस्पतालमा व्यवस्थापन पक्षमा सुधार गर्नुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, खानेपानी समस्या समाधानको लागि सम्बन्धित कार्यालयहरुसँग समन्वय गर्नुपर्ने र पाँचाखेलको विवादबारे प्रष्ट पार्नुपर्ने बिचार व्यक्त गर्नुभयो ।

४. छलफलमा भागलिंदै सभासद् **श्री रामसुन्दर बासीले** आ.व ०८०।८१ को लागिनीतितथाकार्यक्रम प्रस्तुतगर्दै गर्दा आ.व. ०७९।८० को नीतितथाकार्यक्रम र बजेट कार्यान्वयनको यथार्थ अवस्थाबारे सिंहावलोकनगर्नुपर्ने विचार व्यक्तगर्नुभयो ।

५. सभासद् **श्री तारादेवी शाक्यले** नीति तथा कार्यक्रममाथिको छलफलमा बोल्नु हुँदै खुल्ला व्यायामशालामा आवश्यक मर्मत संभारको व्यवस्था गर्नुपर्ने र नगरका विभिन्न स्थानहरुमा थपपर्यटक शौचालयहरु व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

६. छलफलमा भाग लिनु हुँदै सभासद् **श्री कृष्ण सुन्दर प्रजापतिले** कृषकहरुको लागि आवश्यक आधुनिक वीउ वीजन न.पा. आफैले उत्पादन गर्ने व्यवस्था मिलाउनु पर्ने, पर्यटन लक्षित

सन्ध्याकालीन र रात्रीकालीन कार्यक्रमहरु संचालन गर्नुपर्ने, पार्किङ्ग व्यवस्था मिलाउनु पर्ने, तालाको क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न आवश्यक सुधार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

७.सभासद् **श्री नारायण प्रसाद त्वानावासुले** छलफलमा बोल्नु हुँदै नीति तथा कार्यक्रममा आधारभुत विद्यालयहरुमा पनि विद्यार्थीको अनुपातमा स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्ने उल्लेख हुनुपर्ने, भ.न.पावडा नं. ५ स्थित तरकारी बजार निर्माणाधीन क्षेत्रमा आवश्यक पूर्वाधारहरु तत्काल निर्माण गर्न बजेट विनियोजन गर्नुपर्ने, ५ नं. वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्त गर्न बजेट छुट्याउनुपर्ने र नीति तथा कार्यक्रम सभासद्हरुको सुझावलाई समेत समेटेर संशोधन गरी पारित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

८. छलफलमा बोल्नुहुँदै सभासद **श्री सूर्य प्रसाद श्रेष्ठले** आज मिति २०८०।०३।०८ गतेका दिन नेपाल मजदुर किसान पार्टीका श्रद्वेय अध्यक्ष श्री नारायणमान बिजुक्छेंका जीवन संगीनी स्व. शोभा प्रधानको देहावशान भएको १ वर्षको पुण्यतिथि परेको दिन वहाँप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गर्दै नगरपालिकाद्वारा संचालिन जनज्योति पुस्तकालय जस्तै अन्य वडाहरुमा पनि नगरपालिकाबाट नै साधन सम्पन्न पुस्तकालयहरु संचालन गर्नुपर्ने, नपुखुको पर्खाल निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने, भ.न.पा. नगरक्षेत्रमा बाँकी रहेका कृषियोग्य जमिन संरक्षणको नीति ल्याउनुपर्ने, कृषकहरुलाई सहुलियत ब्याज दरमा ऋण व्यवस्था गर्नुपर्ने, कलकारखानाबाट निस्किने प्रदुषण नियन्त्रणको नीति लिनुपर्ने, खोला किनार र सार्वजनिक स्थानमा फोहोर बिसर्जन रोक्नुपर्ने र भ.न.पा १ दुधपाटीस्थित बहुउद्देशीय भवन निर्माणको लागि आवश्यक बजेट छुट्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

९. सभासद् **श्री कृष्ण गोपालचौगुठीले** नीतितथाकार्यक्रममाथिको छलफलमा भागलिनुहुँदै भक्तपुरको पर्यटकीय क्षेत्रहरुमा हरियालीव्यवस्थापनगर्न थपगमलाहरु व्यवस्थागर्नुपर्ने, घर बहाल कर प्रभावकारी ढंगबाट संकलनगर्नुपर्ने र पुरानो नगरक्षेत्रमा घर निर्माण अनुमति दिंदाविशेष ध्यान पुऱ्याउनुपर्ने सुझावदिनुभयो ।

१०. छलफलमा भाग लिन हुँदै सभासद् **श्री इन्द्र बहादुर प्याथ**ले कृषिमा प्राङ्गारिक मलको प्रयोग सम्बन्धी तालिमलाई प्रभावकारी बनाउनुपर्ने, समानुपातिक खानेपानी वितरणको लागि तत्काल व्यवस्थापन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. सभासद् **श्री गोविन्ददुवाल**ले नीतितथाकार्यक्रममाथिको छलफलमा भागलिनुहुँदै नगरको खानेपानी समस्या समाधानको लागिविभिन्नउपयुक्त ठाउँहरुमा डिप बोरिङ्ग गर्नुपर्ने, मेलम्चीको पानीनगरको सबै क्षेत्रमावितरण गर्न आवश्यकपहलगर्नुपर्ने, कृषिविशेषज्ञ तयार पार्न आवश्यकव्यवस्थामिलाउनु पर्ने बिचार व्यक्तगर्नुभयो ।

१२. सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. ०८०।८१ को नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै १० जना सभासद्हरुले उठाउनु भएका जिज्ञासाहरुको विषयमा प्रष्ट पार्नुहुँदै नीति तथा कार्यक्रम पारित गर्न सभासमक्ष प्रस्ताव गर्नुभयो र **भक्तपुर नगरपालिकाको आ.व.०८०।८१ को नीतितथाकार्यक्रम** सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

१३. सभाध्यक्षप्रजापतिले सभाको अर्को बैठक मिति २०८०।०३।१० गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

# भक्तपुर नगरपालिकाको चौधौं नगर सभा

मिति २०८० असार १० गते आइतबार (तेश्रो दिन)

१. सभाध्यक्षएवम् नगर प्रमुखश्री सुनिलप्रजापतिले बैठक आरम्भगर्नुहुँदै बजेट तथाकार्यक्रम तर्जुमा समितिका संयोजकएवम् उपप्रमुखश्री रजनीजोशीलाई भक्तपुर नगरपालिकाको आ.व.०८०।८१ को वार्षिक बजेट तथाकार्यक्रम सभामा पेश गर्न समय प्रदानगर्नुभयो र संयोजकजोशीले सभामाआ.व.२०८०।८१ को अनुमानितरु. २ अर्ब २६ करोड ८५ लाख ९४ हजार आयव्ययविवरण सहितको बजेट तथाकार्यक्रम सभा समक्ष प्रस्तुतगर्नुभयो ।

२. सभाध्यक्षश्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथाकार्यक्रमतर्जुमा समितिका संयोजकश्री रजनीजोशीले भक्तपुर नगरपालिकाको आ.व.२०८०।०८१ को आर्थिक विधेयक सभा समक्ष प्रस्तुतगर्नुभयो ।

३. सभाध्यक्षश्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथाकार्यक्रमतर्जुमा समितिका संयोजकश्री रजनीजोशीलेभक्तपुर नगरपालिकाको आ.व. २०८०।८१ को विनियोजन विधेयक सभा समक्ष प्रस्तुतगर्नुभयो ।

४. सभाध्यक्षश्री प्रजापतिले नगरसभाको अर्को बैठक मिति २०८०।०३।१२ गते मंगलबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौ नगर सभा (चौथो दिन)

## २०७९ असार १२ गते, मंगलबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिलेचौधौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुँदै कार्य सूचीमा विशेष समयको व्यवस्था भएको जानकारी गराउनु भयो र विशेष समयको छलफलमा भाग लिन चाहने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवालले** नगरको खानेपानी समस्या र सिंचाई व्यवस्थाको लागि आवश्यक पहल गर्नुपर्ने सुझाव दिनु भयो ।

३. **सभासद श्री कृष्ण नारायण दुमरुले** छलफलमा भाग लिनु हुंदै भ.न.पा. वडा नं. १० पाइप लाइनदेखि बेखाल चोकसम्मको बाटोमा सडक पेटी व्यवस्था गर्नुपर्ने, नगरका सबै वडाहरुमा शिशु स्याहार केन्द्र स्थापना गर्न पहल गर्नुपर्ने, वन्टीदेखि छालिङ्गसम्मको भक्तपुर नगर क्षेत्रमा पीआइंडी ढलको पाइप बिछ्याउने काम अगाडि बढाउनु पर्ने, सुकुन्दा फांट र वन्टी फांटमा आवास योजना संचालनको लागि पहल गर्नुपर्ने, ख्वप अस्पतालमा प्रदान भइरहेको स्वास्थ्य सेवा अझ व्यवस्थित गर्नुपर्ने, नगरकोटको मुहान पोखरीलाई जलाधार क्षेत्र घोषणा गरी भक्तपुर नगरमा आउने खानेपानीलाई व्यवस्थितगर्नुपर्ने र नगरका सडक बत्तीहरु व्यवस्थित गर्नु पर्ने सुझाव दिनुभयो ।

४. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजुले** कार्यपालिका बैठक कार्यालय समय नबसी अगाडि र पछाडिको समयमा बैठक राख्नुपर्ने, वडाका विभिन्न समितिहरु सक्रिय बनाउन

आवश्यक पहल गर्नुपर्ने, भक्तपुर महोत्सव पुनः आयोजना गर्नुपर्ने, पांचाखेलको विवादबारे प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५.**सभासद श्री सूर्य प्रसाद श्रेष्ठले** छलफलमा भाग लिनु हुंदै नागरिकता ऐन, २०६३ को पहिलो संशोधन २०७९ राष्ट्रपतिबाट भएको प्रमाणीकरणको खेद प्रस्ताव प्रस्तुत गर्नु हुंदै भारतको नवनिर्मित संसद भवनमा राखिएको नेपालको भू-भाग समेटिएको अखण्ड भारतको नक्सा विषयमा विरोध गर्नुपर्ने प्रस्ताव राख्नु भयो । सभासदश्री श्रेष्ठले हनुमन्ते खोला छेउमा रहेको जर्मन परियोजनाले बिछ्याएको पाइप लाइन, ढलको पाइप लाइन र पीआईडीले हालै बिछ्याएको ढलको पाइप लाइनमध्ये कुनै एउटा मात्र पाइप लाइन प्रयोग गरी व्यवस्थित गर्नुपर्ने, भारतसँगको खुल्ला सिमाना बन्द गराउन आवश्यक पहल गराउनु पर्ने, स्वास्थ्य बिमालाई प्रभावकारी बनाउनु पर्ने विचार व्यक्त गर्नु  भयो ।

६.**सभासद श्री राज कुमार शिल्पकार**ले छलफलमा भाग लिनु हुंदै भ.न.पा. ३ स्थित बाराही पुल परिसरको योजना यथाशीघ्र सम्पन्नगर्नुपर्ने, भक्तपुर दरवार क्षेत्रको घर मुनिको ढुगेधाराबारे प्रष्ट पार्नुपर्ने, खौमा गेटमा विगगमा जस्तै काठका मुर्तिहरु राख्ने र नराख्नेबारे प्रष्ट पार्नुपर्नेविचार व्यक्त गर्नुभयो ।

७. छलफलमा भाग लिनु हुँदै **सभासदश्री मन्जु मैया लाखा**लेनगरमा वितरित खानेपानीको वितरण व्यवस्थित गर्नुपर्ने, भक्तपुर अवलोकनको लागि राति आउने पर्यटक चुहावत नियन्त्रण गर्न प्रवेश द्वारहरुमा सी.सी.टि.भी. क्यामरा व्यवस्था गर्नुपर्ने, नःपुखुदेखि इन्द्रायणीसम्मको बाटोमा हरियाली व्यवस्थापन गर्नुपर्ने, सामुदायिक विद्यालयहरुमा पर्याप्त अनुगमन गरी शैक्षिक स्तर उकास्न पहल गर्नुपर्ने, सामुदायिक र सस्थागत विद्यालयहरुको परीक्षा संचालन र परीक्षाफल प्रकाशन व्यवस्थित गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति सक्रिय बनाउनु पर्ने, नगरपालिकाका विभिन्न शाखाहरुबीच समन्वय कायम गर्नुपर्ने, भ.न.पा. २ व्यासीस्थित शहरी स्वास्थ्य केन्द्रमा आवश्यक भौतिक र चिकित्सा सम्बन्धी सामग्री र

उपकरण व्यवस्था गरी स्तर उन्नति गर्नुपर्ने,विकास निर्माण र सम्पदा संरक्षण सम्बन्धी उपभोक्ता समितिलाई आर्थिक नियमसम्बन्धी अभिमुखीकरण गरी आवश्यक सहजीकरण गर्नुपर्ने विचार गर्नु भयो ।

८. छलफलमा भाग लिनु हुंदै**सभासद श्री कृष्णलाल किसी**ले नगरको पुरानो बस्तीमा बैकल्पिक बाटो बनाउनु पर्ने, नगरलाई प्लाष्टिक मुक्त बनाउन आवश्यक पहल गर्नुपर्ने, हनुमान्चा खोलामा पुल निर्माण गर्नुपर्ने, जगाति सत्तल पुनः निर्माण गर्नुपर्नेसुझाव दिनुभयो ।

९. छलफलमा भाग लिनु हुंदै **सभासद श्री इन्द्रलाल प्याथ**लेराष्ट्रपतिले प्रमाणित गरेको नागरिकता सशोधन ऐनबारे विरोध प्रस्ताव पारित गर्नुपर्ने, भक्तपुर दरवार क्षेत्रमा अवस्थित राष्ट्रिय कला संग्रहालय रहेको न्हेय्कं झ्य् दरवार यथाशीघ्र पुनः निर्माण गर्नुपर्ने र खुल्ला ब्यायाम शालाहरु आवश्यकता अनुसार मर्मत संभार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१०. छलफलमा भाग लिनु हुँदै **सभासद श्री रिता फसिकवा**ले नगरका विभिन्न स्थानमा सम्पदा छेकिने गरी राखिएका होडिङ्ग बोर्डहरु हटाउनु पर्ने, महादेव स्थानस्थित ढुंगेधारा व्यवस्थित गर्नुपर्ने, घर निर्माण गर्ने प्राविधिकहरुलाई आवश्यक तालिम दिनुपर्ने, ख्वप अस्पतालमा कार्यरत जनशक्तिलाई शिष्टाचार सिकाउनु पर्ने, नगरका सबै वडाहरुमा शिशु स्याहार केन्द्र र आदर निकेतन संचालन गर्न पहल गर्नुपर्ने, सम्पदाहरुमा संक्षिप्त परिचय राख्नुपर्ने र हाल भइरहेको अघोषित लोडसेडिङ्गबारे प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

११. छलफलमा भाग लिनु हुँदै **सभासद श्री विष्णु केशरी दुवाल**ले नगरको खानेपानी समस्या समाधान गर्न समानुपाति वितरणको व्यवस्था मिलाउनु पर्ने, घर दैलो नर्सिङ्ग सेवा प्रभावकारी बनाउंदै डाक्टर सहितको सेवा वडा वडामा व्यवस्था गर्नुपर्ने, घर पालुवा कुकुरबाट सार्वजनिक ठाउंमा फोहर गराउने नियन्त्रण गर्नुपर्ने,ख्वप अस्पतालको अत्यधिक भिड व्यवस्थित गर्नुपर्ने सुझाव दिनु भयो ।

१२. सभा अध्यक्ष प्रजापतिले विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका विभिन्न विषयमा प्रष्ट पार्न वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिकका सदस्य श्री रविन्द ज्याख्वलाई समय प्रदान गर्नुभयो र संयोजक ज्याख्वले सभासदहरुले उठाउनु भएको शिक्षा, स्वास्थ्य, फोहर व्यवस्थापन र पर्यटनसंग सम्बन्धित विषयहरुबारे प्रष्ट पार्नुभयो ।

१३. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी स्थानीय पाठ्यक्रम कार्यदलका संयोजक एवम् विद्यालय अनुगमन समितिका र्सयोजक श्री योगेन्द्रमान बिजुक्छेंले छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका नगरका विद्यालयहरुको अनुगमन, परीक्षा संचालन र परीक्षाफल प्रकाशन, स्थानीय पाठ्यक्रम अध्ययन र अध्यापनलगायतका विषयमा प्रष्ट पार्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी निर्माण समितिका संयोजक श्री उकेश कवांले विशेष समयको छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका विकास निर्माण र सम्पदा संरक्षण लगायतका योजनाहरुको विषयमा प्रष्ट पार्नुभयो ।

१५. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१६. सभाअध्यक्ष प्रजापतिले सभा पुनः शुरु गर्नुहुंदै भक्तपुर नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रममाथिको छलफल आरम्भ भएको जानकारी गराउनु हुंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन हुन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१७. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री राम सुन्दर बासी**ले प्रत्येक ६ महिनामा हुने नगर सभामा सम्बन्धित वडाका वडाबासीहरुको माग र गुनासो राख्ने सभासदहरुलाई मौका मिल्ने

भएकोलेसोको सुनुवाई हुनुपर्ने, भ.न.पा. ८ नं. वडाको संक्षिप्त परिचय प्रस्तुत गर्नु हुँदै वडा स्तरीय योजनाहरुको आवश्यक बजेट विनियोजन गर्नुपर्ने, यो वर्षको नीति तथा कार्यक्रममा सबै विषयहरु समेट्ने गरी बजेट विनियोजन गर्नुपर्ने, महेश्वरी खेल मैदान, शहीद स्मृति खेल मैदान र अनरनिको सभा भवनको बजेट रकमान्तर नहुने गरी योजना कार्यान्वयन हुनुपर्ने, ख्वप अस्पताल अन्तरङ्ग सेवासंगैका बसपार्क स्थानान्तरणको लागि बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१८.बजेटमाथिको छलफलमा भाग लिनु हुँदै **सभासद श्री ज्ञानबहादुर मानन्धरले** भ.न.पा. ९ स्थित सलां गणेश पोखरीमा पानी अडिने व्यवस्था गरी पोखरीको बीचमा रहेको गणेश मूर्ति पुनः स्थापित गरी चार कुनामा पानीको फोहरा व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१९. छलफलमा भाग लिनु हुँदै **सभासदश्री पुरुषोत्तम तमखुले** देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनालाई पर्याप्त बजेट विनियोजन गर्नुपर्ने,आदर निकेतन निर्माण शिघ्र संम्पन्न गरी संचालन गर्नुपर्ने, ख्वप अस्पतालको लागि पर्याप्त बजेट विनियोजन गरी सहज र सुलभ स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने, कृषि अनुसन्धान केन्द्र स्थापना गर्न बजेट विनियोजिन गर्नुपर्ने, भक्तपुर दरवार क्षेत्रको ९९ चोक र जगनाथ क्षेत्र उत्खननको लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने, प्रत्येक घरबाट एउटा रुख रोप्न र नगरका धार्मिक र खुल्ला क्षेत्रहरुमा वृक्षरोपनको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२०. छलफलमा भाग लिनु हुँदै **सभासद श्री नारायण प्रसाद त्वानाबासुले**नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम ९९ चोक र जगनाथ क्षेत्र उत्खन्नको लागि बजेट विनियोजन गर्नुपर्ने, सिचु फल्चा पुनः निर्माणको बजेट सदुपयोग गर्नुपर्ने, जग्गा खरिदको लागि थप बजेट विनियोजन गर्नुपर्ने,जगनाथ क्षेत्रको कपालीहरुको जग्गा प्राप्त गर्न आवश्यक बजेट छुट्याउनु पर्ने, पर्यटकहरुको लागि विश्राम स्थलको

व्यवस्था गर्नुपर्ने, वडा बजेट समय सापेक्ष वृद्धि गर्नुपर्ने, भ्रमण खर्च सदुपयोग गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

२१. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण गोपाल चौगुठीले** बाराही क्षेत्रको मंगल तिर्थ सुधारको लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने, बाराही क्षेत्रका ऐतिहासिक एवम् धार्मिक मूर्तिहरुको सरक्षणको व्यवस्था मिलाउनु पर्ने, बाराही क्षेत्रमा खानेपानी वितरण गर्न पाइप लाइन जडानको लागि बाटो खन्न र पुर्न आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

२२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्यामसुन्दर मातांले** देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको लागि थप बजेट विनियोजन गर्नुपर्ने, हनुमानघाट र सल्लाघारी स्थित उपचार पोखरी निर्माण शीर्घ सम्पन्न गरी फोहर पानी उपचार व्यवस्था मिलाउनु पर्ने, शहीद स्मृति खेल मैदान निर्माणको लागि थप बजेट विनियोजन गर्नुपर्ने, साविक भ.न.पा. १५ को वडा कार्यालयलाई स्वास्थ्य केन्द्रको रुपमा सदुपयोग गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

२३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री जितेन्द्र मुनंकर्मीले** नीति तथा कार्यक्रममा नगरका वडाहरुमा शिशु स्याहार केन्द्र संचालन गर्न बजेट विनियोजन गर्नुपर्ने,  खानेपानी व्यवस्थापनको लागि थप बजेट विनियोजन गर्नुपर्ने, वार्षिक बजेटमा उल्लेख भएका योजनाहरु सोही आ.व.मा कार्यान्वयको लागि आवश्यक पहल गर्नु पर्ने, उपभोक्ता समितिका पदाधिकारीहरुलाई आर्थिक नियम सम्बन्धी अभिमुखीकरण गरी सहजीकरण गर्नुपर्ने, नगरका सम्पदा अवलोकनका लागि आउने आन्तरिक पर्यटकसंग पनि सेवा शुल्क लिनु पर्ने विचार व्यक्त गर्नु भयो ।

२४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले पांच तल्ले मन्दिरको छायां देखिने खंचा पोखरी वरिपरि अग्लो भवन बनाउन नियन्तण गर्नुपर्ने, घर घरमै कुहिने र नकुहिने फोहर छुट्याएर राख्न आवश्यक चेतनामूलक कार्यक्रम गरी बाल्टिन वितरण गर्नुपर्ने, हनुमानघाटमा निर्माणाधीन मलामी विश्रामस्थल शीघ्र सम्पन्न गर्नुपर्ने, सार्वजनिक पाटी भएको निजी घरहरुको पुनः निर्माणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, बेवारिसे सार्वजनिक शौचालयहरु सदुपयोगको व्यवस्था मिलाउनु पर्ने, भ.न.पा.७ स्थित पांचा ख्योमा निर्माणाधीन शौचालय सम्बन्धी कानूनी विवाद समाधान गरी निर्माण शीघ्र सम्पन्न गर्नुपर्ने, माहेश्वरी खेल मैदान निर्माणको लागि प्रर्याप्त बजेट विनियोजन गर्नुपर्ने, शहीद स्मृति खेल मैदान, शीघ भण्डार, तरकारी बजार, संस्कृतिक संग्रहालय, ख्वप टेलिभिजन, थंथु दरवार, कोशेली घर निर्माण लगायत विगतदेखिका योजनाहरुको लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, समय सापेक्ष वडा बजेट वृद्धि गर्नुपर्ने, घर जग्गा कर र बहाल कर प्रभावकारी रुपमा संकलन गर्न वडा कार्यालयहरुलाई स्रोत र साधन सम्पन्न बनाउनु पर्ने, धुवां, धुलो र ध्वनी प्रदुषण सिर्जना गर्ने पसलहरुलाई पुरानो नगर क्षेत्रबाटस्थानान्तरण गर्नुपर्ने, कृषि व्यवसायीहरुको क देखि च वर्गसम्म बर्गीकरण गरी दर्ता गराई करको दायरामा ल्याउनु पर्ने, भ.न.पा.बाट बहालमा दिइराखेको पसलहरु कमिसन लिई अरुलाई चलाउन दिएको भन्ने विषयमा बुझी आवश्यक कार्वाही गर्नुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नियमन गर्नुपर्ने, भ.न.पा. ७ स्थित सुधारिएको शवदाह गृह व्यवस्थित संचालनको लागि आवश्यक जनशक्ति र दस्तुरको व्यवस्था गर्नुपर्ने, हनुमानघाटस्थित सत्तल, पाटी र मन्दिर पुनः निर्माण गर्नुपर्ने, भ.न.पा. ७ नं. वडा कार्यालय अगाडिको खंचा, छिपा तां, परोपकार, पंभो गणेशबाट महेश्वरी जाने बाटो पुनः निर्माण गर्नुपर्ने र नगरका सबै क्षेत्रमा समानुपातिक खानेपानीको वितरण व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

२५. छलफलमा भाग लिनु हुंदै **सभासदश्री गोविन्द दुवाल**ले भक्तपुर नगरपालिका क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्नेलाई दिंदै आएको ३५ प्रतिशत अनुदान सम्बन्धी कानूनी व्यवस्थामा २०७२ सालको विनाशकारी भूकम्प पश्चात् नक्सा पास गरी निर्माण गर्ने सबैलाई समेट्ने गरी आवश्यक

व्यवस्था मिलाउनु पर्ने, आधुनिक कृषि बिउ विजन उत्पादनको लागि कृषि अनुसन्धान केन्द्र व्यवस्था गर्नुपर्ने, नगरको खानेपानी समस्या समाधानको लागि समानुपातिक वितरण र थप खानेपानीको स्रोत व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

२६. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८०।३।१५ गते, शुक्रबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौं नगर सभा (पाँचौं दिन)

## २०७९ असार १५ गते, शुक्रबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले चौधौं नगर सभाको पाँचौ दिनको बैठक शुरु गर्नु हुँदै आ.व. २०८०/०८१ को बजेटमाथिको छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धि राम अवाल**लेआयुर्वेदिक उपचार केन्द्रलाई बजेट छुट्याउनु पर्ने, ख्वप अस्पतालमा पर्याप्त औषधीको व्यवस्था मिलाउनु पर्ने, भ.न.पा. वडा नं. ६ को वडा कार्यालयमा संचालित शिशु स्यहार केन्द्र वडाकै अन्य उपयुक्त ठाउंमा स्थानान्तरण गर्नुपर्नेर वन्टीमा डिप बोरिङ्गको लागि बजेट छुट्याउनु पर्ने तथा नगरका सबै क्षेत्रहरुमा समानुपातिक रुपले खानेपानी वितरणको लागि आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

३. बजेट माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले भ.न.पा. ७ स्थित सिद्धि शारदा आ.वि.को पुरानो भवन तालिमको केन्द्रको रुपमा सदुपयोग गर्नुपर्ने, बाल सेवक आ.वि. स्थानान्तरण गर्नुपर्ने, घर जग्गा मूल्यांकन कर प्रभावकारी रुपमा संकलन गर्नुपर्ने, हनुमानघाट स्थित वनकिवा पुखुको उत्खनन् गरी पुनःस्र्थापित गर्नुपर्ने, चिस्यान केन्द्र स्थापना गर्नुपर्ने, कृषि परामर्श केन्द्र संचालन गर्नुपर्ने, नगरका अव्यवस्थित तार र केबुलहरु व्यवस्थित गर्नुपर्ने, ख्वप अस्पतालबाट निःशुल्क वितरण गर्दै आएको अक्सिजन व्यवस्थित वितरणको व्यवस्था मिलाउनु पर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि तालिम र अध्ययन भ्रमणको लागि बजेट छुट्याउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री रिता फसिकवा**ले चुरोट र रक्सीका थोक विक्रेताहरु र निर्माण व्यवसाय कर वृद्धि  गर्नुपर्ने, घुम्ती कर संकलन टोली गठन गरी कर संकलन गर्नुपर्ने, प्रदेश

सरकारबाट पाउनु पर्ने विशेष, समपूरक र सःशर्त अनुदान प्राप्त गर्न आवश्यक पहल गर्नुपर्ने, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमणको बजेट सदुपयोग गर्नु पर्ने, सांगेतिक सामग्री पसलको वर्गमा 'ग' वर्ग थप्नु पर्ने, अन्य सेवाको नाता कायममा बैंकिङ्ग प्रयोजनको लागि छुट्याई कर बढाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री इन्द्र बहादुर प्याथ**ले नीति तथा कार्यक्रम अनुसार नगरका वडाहरुमा शिशु स्याहार केन्द्र विस्तार गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने,भ.न.पा. ९ वडाको पर्यटक सूचना केन्द्र संचालन गर्नुपर्ने र आ.व.२०८०/०८१ मा घुम्ती कर संकलन टोली गठन गरी प्रभावकारी कर संकलन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राम सुन्दर बासी**ले भक्तपुर जिल्लाका चार वटा नगरपालिकाहरुको आ.व.२०८०/०८१ को बजेटको तुलनात्मक विवरण प्रस्तुत गर्नु हुंदै वडा बजेट बढाउनु पर्ने, नगर स्तरीय योजनाहरु समानुपातिक रुपले वितरण गर्नुपर्ने, एक करोड भन्दा कमका योजनाहरु वडा योजना अन्तर्गत राख्नु पर्ने, वडा स्तरीय योजनाहरुको विवरण सबै वडाको बजेटमा समावेश हुनुपर्ने, वडावासीहरुको भावना बमोजिम सबै वडाबाट नगर स्तरीय योजना समेट्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री तारादेवी शाक्य**ले भक्तपुर नगरपालिकाको सौन्दर्यकरणको लागि बजेट विनियोजन गर्नुपर्ने, सल्लाघारीदेखि कमलविनायकसम्मको नगरकोट सडक खण्डमा पर्याप्त सडक बत्ती व्यवस्था गर्नुपर्ने, सडक किनारामा वृक्षारोपणको व्यवस्था गर्नुपर्ने, खरिपाटी ब्यारेकदेखि कमलविनायक चोकसम्म सडक पेटी, सडक बत्ती र वृक्षारोपण गर्नुपर्ने,दत्तात्रय, च्याम्हासिंह, भाने र भानेसम्म र जगाति, कमलविनायक लान्चा फल्चासम्म सी.सी. टि.भी. क्यामेरा बन्दोबस्त गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

८. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०८०।३।२० गते बुधबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौं नगर सभा (छैटौं दिन)
## २०८० असार २० गते, बुधबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले चौधौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै भक्तपुर नगरपालिका काठ, ईटा र झिंगटी खरिद अनुदान सम्बन्धी कार्यविधि–२०७५संशोधन प्रस्ताव पेश गर्न डा. हरिराम सुवाललाई समय प्रदान गर्नु भयो । र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभामा पेश गर्नु भयो ।

२. सभा अध्यक्ष प्रजापतिले लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८० सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

३. बैठक २० मिनेटको लागि स्थगित गर्नुभयो ।

४. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः शुरु गर्नु हुंदै भक्तपुर नगरपालिका काठ, ईटा र झिंगटी खरिद अनुदान सम्बन्धी कार्यविधि–२०७५ को संशोधन प्रस्ताव माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

५. कार्यविधि संशोधनमाथिको छलफलमा भाग लिनुहुंदै **सभासद श्री पुरुषोत्तम तमखु**ले स्लोप छानामा प्रयोग हुने झिंगटीको लागि शतप्रतिशत अनुदानको व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

६. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिका काठ, ईटा र झिंगटी खरिद अनुदान सम्बन्धी कार्यविधि–२०७५ को संशोधन प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो । र सभाबाट उक्त संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८० माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

८. प्रतिवेदनमाथिको छलफलमा भाग लिनु हुंदै सभासद श्री **श्याम सुन्दर माता**ंले भक्तपुर नगरपालिकाद्वारा संचालित पेपर क्राफ्टमा साँस्कृतिक प्रदर्शनी केन्द्र निर्माणको लागि लिएको पेश्की फछ्र्यौटबारे प्रष्ट पार्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

९. सभा अध्यक्ष प्रजापतिले प्रवितेदनमाथि छलफलमा सभासदहरुले उठाउनु भएका विषयमा प्रष्ट पार्न लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले सभासदहरुको जिज्ञासा प्रष्ट पार्नुभयो ।

१०. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८० पारित गर्न सभा समक्ष पेश गर्नुभयो र उक्त प्रतिवेदन सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

११. सभा अध्यक्ष प्रजापतिले बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१२. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः सुचारु गर्नु हुंदै बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुंदै सभासदहरुले उठाउनु भएका जिज्ञासाहरुको विषयमा प्रष्ट पार्न समय प्रदान गर्नुभयो ।

१३. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गर्नु भई बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री जोशीले आ.व.२०८०/०८१ बजेट तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुने १५ जना सभासदहरुको जिज्ञासाहरु बारे प्रष्ट पार्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक पारित गर्न सभा समक्ष पेश गर्नुभयो र उक्त बजेट, आर्थिक विधेयक र विनियोजन विधेयक सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

१५. सभा अध्यक्ष प्रजापतिले नगरसभाका सभासद श्री रिता फसिकवा सामान्य दुर्घटनाबाट चोटिल हुनु भएकोमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सभाको अर्को बैठक मिति २०८०।३।२५ गते, सोमबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौं नगर सभा (सातौं दिन)
## २०८० असार २५ गते, सोमबार

१. सभा अध्यक्ष प्रजापतिले चौधौं नगर सभाको सातौं दिनको बैठक शुरु गर्नु हुंदै विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई स्थानीय सेवा (कर्मचारी) गठन, संचालन र व्यवस्थापन, सेवा, शर्त तथा सुविधा सम्बन्धमा बनेको विधेयक, २०८० प्रस्तुत गर्न समय प्रदान गर्नुभयो । र संयोजक सुवालले उक्त विधेयक सभामा पेश गर्नुभयो ।

२. सभा अध्यक्ष प्रजापतिले लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई भक्तपुर नगरपालिका अन्तर्गत संचालित निकायहरुको लेखा समितिको प्रतिवेदन, २०८० सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

३. बैठक २० मिनेटको लागि स्थगित गर्नुभयो ।

४. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः शुरु गर्नु हुंदै भक्तपुर नगरपालिका अन्तर्गत संचालित निकायहरुको लेखा समितिको प्रतिवेदन, २०८०माथिको छलफल आरम्भ गर्नु हुंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्याम सुन्दर मातांले** ख्वप कलेज/उच्च मा.वि. को लेखा प्रतिवेदनबारे जिज्ञासा राख्नु भयो ।

६. सभा अध्यक्ष प्रजापतिले सभासदले राख्नु भएको जिज्ञासा प्रष्ट पार्न लेखा समितिको संयोजक श्री हरि प्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले सभासदको जिज्ञासा प्रष्ट पार्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका अन्तर्गत संचालित निकायहरुको लेखा समितिको प्रतिवेदन, २०८० पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त प्रतिवेदन पारित भएको घोषणा गर्नु भयो ।

८. सभा अध्यक्ष प्रजापतिले न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुरको नगरपालिकाको आ.व.२०७९/८० को न्यायिक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक जोशीले उक्त प्रतिवेदन पेश गर्नुभयो ।

९. सभा अध्यक्ष प्रजापतिले न्यायिक समितिको प्रतिवेदन पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन पारित भएको घोषणा गर्नुभयो :

## भक्तपुर नगरपालिका
## न्यायिक समितिका संयोजक रजनी जोशीबाट पेश भएको वार्षिक विवरण

उपरोक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ र ४९ ले दिएको क्षेत्राधिकारभित्र रही भक्तपुर नगरपालिका, न्यायिक समितिबाट आ.व. २०७९।०८० मा (२०७९ श्रावण १ गतेदेखि २०८० असार २१ गतेसम्म) देहायबमोजिमको मुद्दाहरु कार्यवाही, मुद्दाको रोहमा आदेश, फछ्र्यौट र मिलापत्र गरिएको व्यहोरा सहितको वार्षिक विवरण ऐ. ऐनको दफा ५३(२) बमोजिम चौधौ नगरसभा समक्ष पेश गर्दछु ।

### २०७९ श्रावण १ गतेदेखि २०८०असार २१ गतेसम्म

| उपदफा | मुद्दा | गत आ.व.बाट जिम्मेवारी सरी आएको मुद्दा | सोको निर्णय संख्या | चालू आ.व.मा दर्ता नयाँ मुद्दा | सोको निर्णय संख्या | जम्मा संख्या | जम्मा निर्णय संख्या | निर्णय हुन बाँकी संख्या | निर्णय भएका मध्ये फछ्र्यौट प्रक्रिया | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | मेलमिलापका लागि पठाइएको | मेलमिलाप भई आएको | तामेली आदेश भएको | प्रमुख समक्ष पठाइएको | अदालतमा पठाइएको | मुल्तवी | निर्णय फैसला | |
| १(घ) | ज्याला मजदुरी नदिएको | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| १(च) | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| १(छ) | नाबालक छोराछोरी वा पती पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको | ३ | ३ | १ | १ | ४ | ४ | - | - | - | २ | - | - | - | २ | |
| १(ज) | वार्षिक पच्चीस लाख रुपैयासम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| १(ञ) | आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको | ३ | २ | - | - | ३ | २ | १ | - | - | १ | - | - | - | १ | |
| १(ट) | संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको | ४ | १ | ३ | १ | ७ | २ | ५ | - | १ | - | - | - | - | १ | |
| १(ठ) | कसैको हक स्वामित्वमा भएपनि परापूर्व देखि | १२ | ४ | १ | १ | १३ | ५ | ८ | - | - | १ | - | - | - | ४ | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको | | | | | | | | | | | | | | | |
| | जम्मा | २२ | १० | ५ | ३ | २७ | १३ | १४ | - | १ | ४ | - | - | - | ८ | |

## दफा ४७ मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुने

| उपदफा | मुद्दा | गत आ.व.बाट जिम्मेवारी सरी आएको मुद्दा | सोको निर्णय संख्या | चालू आ.व.मा दर्ता नयाँ मुद्दा | सोको निर्णय संख्या | जम्मा संख्या | जम्मा निर्णय संख्या | निर्णय हुन बाँकी संख्या | निर्णय भएका मध्ये फछ्र्यौट प्रक्रिया | | | | | कैफियत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | मेलमिलाप का लागि पठाइएको | मेलमिला प भई आएको | तामेली आदेश भएको | प्रमुख समक्ष पठाइएको | अदालतमा पठाइएको | मुल्त वी | निर्णय फैसला | |
| २(क) | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको | १८ | १२ | ६ | ४ | २४ | १६ | ८ | - | २ | ५ | - | १ | १ | ७ | |
| २(ख) | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको | २ | १ | २ | २ | ४ | ३ | १ | - | - | २ | - | - | - | २ | |
| २(घ) | अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| २(ङ) | गाली बेइज्जती | - | - | १ | - | १ | - | १ | - | - | - | - | - | - | - | |
| २(ञ) | ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्यांकी छिमेकीलाई असर पुऱ्याएको | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| २(ट) | प्रचलित कानून बमोजिम मेलमिलापत्र हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एकवर्ष सम्म कदै हुन सक्ने फौजदारी विवाद | ३ | २ | ४ | २ | ७ | ४ | ३ | - | - | - | १ | - | - | ३ | |
| ४९(६) | घर जग्गा वा अचल सम्पत्ति रोक्का सम्बन्धी | - | - | - | - | | - | - | - | - | - | - | - | - | - | |
| | जम्मा | २३ | १५ | १३ | ८ | ३६ | २३ | १३ | - | २ | ७ | - | १ | १ | १२ | |
| | | | | | | | | | | | | | | | | |
| | कूल जम्मा | ४५ | २५ | १८ | ११ | ६३ | ३६ | २७ | - | ३ | ११ | - | १ | १ | २० | |

**न्यायिक समितिमा देहाय अनुसारका पदाधिकारीहरु रहेका छन् :**

१. **संयोजक** – भ.न.पा.का उपप्रमुख रजनी जोशी

२. **सदस्य** – भ.न.पा. वडा नं. ८ का वडाध्यक्ष कृष्ण प्रसाद कोजु

३. **सदस्य** – भ.न.पा. वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल

न्यायिक समितिले हरेक हप्ताको बिहीबार दिनको १:०० बजे इजलास बसी विवादका विषय (मुद्दा) मा सुनुवाई, छलफल गर्ने, मिलापत्रका लागि पक्षहरुलाई प्रेरित गर्ने, मुद्दाको रोहमा आवश्यक प्रमाण बुझ्ने लगायतका आदेश गर्ने र निर्णय गर्ने गरिएको अनुरोध गर्दछु । साथै हरेक हप्ताको शुक्रबार दिनको १:०० बजे

आवश्यकता अनुसार विवादका विषयहरुको स्थलगत निरीक्षण तथा बुझ्ने प्रक्रिया गरिने गरिएको र न्यायिक समितिको बैठक (इजलास) मा भ.न.पा.का कानून अधिकृत गणेश लाल फोजुले सहायकको रुपमा आवश्यक कार्य गर्ने गरेको समेतको प्रतिवेदन पेश गर्दछु ।

१०. सभा अध्यक्ष प्रजापतिले भ.न.पा. ९ का वडा अध्यक्ष श्री रविन्द्र ज्याख्वलाईभक्तपुर नगरपालिकाका कर्मचारीहरुको तलवी प्रतिवेदन, भक्तपुर नगरपालिकाको वार्षिक खरिद योजनालगायत विविध प्रस्तावहरु सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र वडा अध्यक्ष श्री ज्याख्वले देहाय बमोजिमको विविध प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

११. सभा अध्यक्ष प्रजापतिले उपर्युक्त कर्मचारीहरुको तलवी प्रतिवेदन, वार्षिक खरिद योजनालगायत विविध प्रस्तावहरु पारित गर्न सभामा पेश गर्नुभयो र सभाले उक्त प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो :

भक्तपुर नगरपालिकाका कर्मचारीहरुको तलवी प्रतिवेदन, भक्तपुर नगरपालिकाको

आ.व. २०८०/०८१ को वार्षिक खरिद योजनालगायत विविध प्रस्तावहरु

प्रस्तावक :श्री रविन्द्र ज्याख्व, वडा अध्यक्ष वडा नं. ९, भ.न.पा.

१. आ.व. २०७९/०८० श्रावण १ गतेदेखि २०८० असार २५ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही नगर सभाबाट अनुमोदनको लागि निर्णयार्थ पेश गर्दछु ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आवश्यकता अनुसार आ.व. २०८०/०८१ का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नविकरण गर्ने कार्यपालिकाको निर्णय अनुमोदनको लागि निर्णयार्थ प्रस्ताव पेश गर्दछु ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाईको ठेक्काहरुको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८१ आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने (कार्यपालिकाको निर्णय अनुमोदनको लागि) प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

६. यस नगरपालिकाको संगठन स्वरुप र साविक दरबन्दीलाई आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O & M) गरी संगठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

७. यस न.पा.को आ.व.२०८०/०८१ को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट निम्न अनुसारको तलवी प्रतिवेदन अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु :

८ यस नगरपालिकाको आ.व २०७९।०८० मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने नगर कार्यपालिकाको निर्णय अनुमोदनको गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

९. आ.व. २०८०/०८१ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. ८,२४,००,०००।- (अक्षेरुपी रु. आठ करोड चौबिस लाख) को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको निम्नानुसारको रु. ८,२४,००,०००।- (अक्षेरुपी रु. आठ करोड चौबिस लाख) को वार्षिक खरिद योजना मिति २०८०।३।२५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु :

१२. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८०।३।२९ गते शुक्रबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको चौधौं नगर सभा (आठौं दिन)
## २०८० असार २९ गते, शुक्रबार

१. सभा अध्यक्ष प्रजापतिले चौधौं नगर सभाको आठौं दिनको बैठक शुरु गर्नु हुंदै भक्तपुर नगरपालिका स्थानीय सेवा (कर्मचारी) गठन, संचालन र व्यवस्थापन, सेवा, शर्त तथा सुविधा सम्बन्धमा बनेको विधेयक, २०८० माथिको छलफलमा भाग लिन चाहनु हुने सभाहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राम सुन्दर बासीले** अस्थायी, करार र ज्यालादारी कर्मचारीकोलागि पनि छुट्टै ऐन ल्याउनु पर्ने, तल्लो तहका कर्मचारीहरु स्थायी हुन नसक्ने विषयमा प्रष्ट पार्नुपर्ने, स्थानीय तह उल्लेख भएको ठाउंमा भक्तपुर नगरपालिका हुनुपर्ने, कर्मचारीलाई राजनीतिमा संलग्न हुन नपाउने व्यवस्था हटाउनु पर्ने, कर्मचारीको सबै समय स्थानीय तहको अधिनमा हुने छ भन्ने बाक्यांस प्रष्ट पार्नुपर्ने, सुद्धासुद्धी गर्नुपर्ने, मृत्यु संस्कार र सुत्केरी बिदा अस्थायी, ज्यालादारी र करार कर्मचारीले पनि पाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ब्याजुले** कर्मचारीहरुको पद मिलान गर्नुपर्ने, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि सेवाकालीन अध्ययनको व्यवस्था मिलाउनु पर्ने, दफा १५ को उपदफा १ अनुसार तह वृद्धि भएपछि उपदफा ५ आवश्यक नहुने र तह वृद्धि भएपछि ग्रेड वृद्धि स्वतः खारेज गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

४. **सभासद श्री नारायण प्रसाद त्वानाबासुले** छलफलमा भाग लिनु हुंदै कर्मचारीले राजनीतिक क्रियाकलाप गर्नु नहुने दफा हटाउनु पर्ने, सार्वजनिक बिदामा काम गरेको सम्बन्धमा सट्टा बिदा वा अतिरिक्त समय भत्ता दिनेबारे प्रष्ट पार्नुपर्ने, प्रदेश कानूनसंग नबांभिने गरी आठौं तहका अधिकृतहरुलाई नौ तहमा स्तर वृद्धिको व्यवस्था राख्नुपर्ने, अध्ययन बिदा तलवी बनाउनु पर्ने, दफा १५ को उपदफा १ मा स्तर वृद्धि गर्दा ग्रेड मिलान कसरी गर्ने स्पष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री पुरुषोत्तम तमखु**ले दफा ६५ को उपदफा १ र २ सम्बन्धी पोशाक र प्रोत्साहन भत्ताबारे प्रष्ट पार्नुपर्ने, राजनीति गर्न नहुनेबारे प्रष्ट पार्नुपर्ने, करार र अस्थायी कर्मचारीको जायज मागहरु सम्बोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्याम सुन्दर माता**ंले अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई कानून बमोजिम दिन सकिने सुविधाबारे उल्लेख गर्नुपर्ने, मृत्यु संस्कार र प्रसुती विदा दिनु पर्ने, नागरिक लगानी कोषमा रकम जम्मा गरिदिनुपर्ने, दफा ७५(ख)मा आफू माथिको कर्मचारीको मातहतमा हुनुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले प्रमुखज्यूको सहमति लिएर गर्नुपर्ने उल्लेख हुनुपर्ने, प्रदेश कानुन बमोजम ९ र १० तहको व्यवस्था हुनुपर्ने, का.स.मु. मा ९५ प्रतिशत अंक ल्याउनु पर्ने व्यवस्थालाई कम गर्नुपर्ने, सुत्केरी बिदा अघि पछि नभई पछि मात्र दिंदा उपयुक्त हुने, समिति र उप समितिका कर्मचारीलाई भत्ताको व्यवस्था गर्नुपर्ने, ड्राइभर पदमा कार्यरत हेल्परहरुलाई पद मिलान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवाल**ले कर्मचारीको परिभाषा विस्तार गर्नुपर्ने, स्थानीय स्वास्थ्य सेवा थप गर्नुपर्ने, नवौं र दशौं तह थप्नु पर्ने, तहविहीनहरुको स्तर वृद्धि हुनुपर्ने, अस्थायी वा आयोजनामा दरबन्दी सिर्जना गरी पदपूर्ति गर्नुपर्ने, पदपूर्ति प्रतिशत पुर्नविचार हुनुपर्ने, दफा १५ को तह वृद्धि सम्बन्धी व्यवस्थामा स्वतः तह वृद्धि नगरी योग्यमध्येबाट उत्कृष्ठलाई मात्र गर्नुपर्ने, दफा १५ को १ र २ बारे प्रष्ट पार्नुपर्ने, दफा २० को सरुवा काज खटाउने व्यवस्थामा प्रमुखको सहमति गर्नुपर्ने थप्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

८. सभा अध्यक्ष श्री प्रजापतिले विधेयकमाथिको छलफलमा भाग लिनु हुंदै उठाउनु भएका जिज्ञासाहरुबारे प्रष्ट पार्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र संयोजक सुवालले सभासदहरुको जिज्ञासाहरुबारे प्रष्ट पार्नुभयो ।

९. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका स्थानीय सेवा (कर्मचारी) गठन, संचालन र व्यवस्थापन, सेवा, शर्त तथा सुविधा सम्बन्धमा बनेको विधेयक, २०८० पारित गर्न सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिले उक्त विधेयक पारित भएको घोषणा गर्नुभयो ।

१०. सभा प्रजापतिबाट समय प्राप्त गरी भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले चौधौं नगरसभाको बैठकहरुको संक्षिप्त विवरण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

११. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको चौधौ नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने उद्घाटन समारोहका प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथिहरु, सम्पूर्ण सभासदहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दै चौधौं नगरसभा सम्पन्न भएको जानकारी गराउनु भयो ।